मानव अधिकार सम्बन्धी पाँचौ राष्ट्रिय कार्ययोजना अन्तर्गतको प्रदेश समन्वय समितिको बैठक सुदूरपश्चिम प्रदेश सरकारका प्रमुख सचिव श्री रामकृष्ण सुवेदीज्यूको संयोजकत्वमा आज मिति २०७८ साल चैत्र १५ गते मंगलवारका दिन बसी विविध विषयमा छलफल तथा निर्णय गरियो।

उपस्थिति

- प्रमुख सचिव श्री रामकृष्ण सुवेदी - संयोजक
- प्रदेश सचिव डा. कमल प्रसाद पोखरेल - सदस्य
- प्रदेश सचिव श्री चुडामणी पौडेल, आन्तरिक मामिला - सदस्य
- प्रदेश सचिव श्री रघुराम बिष्ट, आर्थिक मामिला - सदस्य
- प्रदेश सचिव श्री गणेश प्रसाद भट्ट, भौतिक पूर्वाधार - सदस्य
- प्रदेश सचिव श्री यज्ञनाथ दाहाल, उद्योग, पर्यटन, वन तथा वातावरण - सदस्य
- प्रदेश सचिव, सामाजिक विकास मन्त्रालय - सदस्य
- प्रतिनिधि (उपसचिव) श्री हेमराज अवस्थी, भूमि व्यवस्था - सदस्य
- प्रमुख श्री उत्तमराज सुवेदी, सुदूरपश्चिम प्रदेश प्रहरी - सदस्य
- प्रतिनिधि (अधिकृत दर्जा) श्री सत्यराज पडाल, मुख्य न्यायाधिवक्ता कार्यालय - सदस्य
- प्रतिनिधि श्री मोहन देव जोशी, कार्यालय प्रमुख, रा.मा.अ.आ. सु.प.प्र. - सदस्य
- प्रदेश सचिव (कानून) श्री गंगा बहादुर खरेल - सदस्य सचिव

<u>छलफल तथा निर्णय</u>

- नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत प्राप्त मानव अधिकार सम्बन्धी पाँचौं राष्ट्रिय कार्ययोजना (आ.व. २०७७/७८-२०८१/८२) सम्बन्धमा जानकारी एवम् छलफल भयो ।
- उल्लिखित कार्ययोजनामा समावेश भएका आ-आफ्नो क्षेत्रभित्रको विषय कार्यान्वयन गर्ने सन्दर्भमा उच्च महत्त्व दिने र सोका प्रावधानलाई उपलब्धिमूलक बनाउन आगामी बार्षिक नीति तथा कार्यक्रम एवम् बजेटमा समावेश गर्ने गराउने ।
- कार्ययोजना कार्यान्वयन गर्ने सन्दर्भमा हरेक मन्त्रालय तथा कार्यालयले एक जना सम्पर्क कर्मचारी तोक्ने र निजको सम्पर्क मोवाइल नम्वर समेतको जानकारी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई गराउने ।
- हरेक मन्त्रालय तथा कार्यालयले कार्ययोजना कार्यान्वयनको प्रगति विवरण तीन तीन महिनामा अनिबार्य रुपमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने ।

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
धनगढी, कैलाली, नेपाल
२०७४

२०७८।१२।१५
प्रमुख सचिव